मालपोत कार्यालय सिन्धुपाल्चोकबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

सिन्धुपाल्चौक जिल्ला हाल बलेफी गाउँपालिका वडा नं.१ बस्ने निवेदक गंगा कुमारी खत्रीले नापीका समयमा सासु आमा शुभद्रा खत्रीका नाउँमा नापनक्सा भई फिल्डबुक कायम भएको तपसिल बमोजिमको जग्गा दर्ता हुन छुट भएको, निज सासु समेतको मृत्यु भई हकदार मध्ये अन्य हकदारको मन्जुरीले म निवेदकका नाउमा दर्ता नामसारी गरी पाउँ भनी सासु आमा शुभद्रा खत्रीका रैकर लगत नं.१०९ एक्ले खेत ।५ बिजन उल्लेख भएको साबिक लगत, ७ नं.फाँटवारी, १ नं. मोहीको लगत,सक्कल फिल्डबुक,नापीको नक्सा साथ बलेफी गाउँपालिका वडा नं.१ को च.नं.५२१ मिति २०८०।११।२२ को स्थलगत सर्जमिन सिफारिसबाट हकदार र हकभोग समेत खुली आएको प्रमाण पेश गरी निवेदन माग गर्नु भएको सम्बन्धमा पेश भएको लगतको व्यहोरा भीडी दर्ता हुने जग्गा हो,होईन? उक्त जग्गा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, पर्ती, खोला, बगर, बाटो, पार्टी, पौवा, वन, बुटेन आदि प्रकृतिको हो/होईन ? नापीका समयमा उक्त प्रकृतिका जग्गा घुसीमिसी नापनक्सा भै नक्सांकन भएको छ/छैन ? आफ्नो जग्गामा उक्त प्रकृतिका जग्गा समेत घुसाई भोग चलन गरेको पो छ कि ? निवेदक बाहेक अन्य हकदार छन् / छैनन् ? उक्त जग्गा यस अघि दर्ता गरेको वा सोका लागि कसैले माग निवेदन गरेको छ छैन ? वा निवेदकले माग गरे बमोजिम दर्ता हुन नपर्ने कुनै कारण भए सो समेत खुलाई तोकिएको म्यादभित्र स-प्रमाण दाबी विरोध गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानुन बमोजिम भई जानेछ ।

<u>फिल्डबुकमा भएको व्यहोराः-</u>

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षे.फ. | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| बराम्ची | १ | ३०७ | १-१४-३-१ | शुभद्रा खत्री | |